# पौवादुङमा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
च्याङ्ग्रे, भोजपुर
१ नं. प्रदेश, नेपाल

पत्र संख्या :- ०७६/७७
चलानी नं.:-

मितिः-२०७७/०५/०४

## सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको बैंक खाता खोल्ने सम्बन्धी सूचना !

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको मिति २०७७ साउन ३२ गते पं.सं. ०७७/७८ चं.नं. ३०१ परिपत्रानुसार सामाजिक सुरक्षा भत्ता अनिवार्य बैंकिङ्क प्रणालिमा मार्फत भुक्तानी गर्नु पर्ने यदि बैंकिङ्ग प्रणाली बाहेक अन्य प्रणालीबाट भुक्तानी गर्न नमिल्ने निर्देशन आएको हुदाँ, यस पौवादुङमा गाउँपालिकाबाट आ.व.२०७७/०७८ वितरण गरिने सबै किसिमको सामाजिक सुरक्षा भत्ता बैंकिङ्क प्रणालिमा मार्फत भुक्तानी गर्ने भनि मिति २०७७ असार १७ गते नै कार्यपालिकाको बैठकबाट निर्णय भएको हुदाँ यस पौवादुङमा गाउँपालिकाको सबै वडाका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले **मिति २०७७ भदौ मसान्त** सम्म आफुलाई पायक पर्ने **नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड**को शाखामा गई खाता खोल्नुहुन अनुरोध छ।

**नोटः**

- चालु आ.व. २०७७/०७८ देखि सबै किसिमको सामाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तनी गरिने छ यदि लाभग्राहीहरुले बैंक खाता नखोलेमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न सक्ने छैन।
- यदि पहिले नै खाता खोलेको भए पुनः खोल्नु पर्दैन तर खाता खोले नखोलेको यकिन गर्नु पर्ने भएको हुदाँ अति अशक्त ज्येष्ठ नागरिक, दलित बालबालिका र क वर्गको अपाङ्गता भएको लाभग्राहीहरुले संरक्षक व्यक्तिको र अन्य लाभग्राहीहरुले आफ्नो नागरिकता प्रमाणपत्र र फोटो लिएर बैंकमा सम्पर्क गर्नुहोला।
- कोभिड-१९ को कारण नेपाल राष्ट्र बैंकले अर्को सूचना प्रकाशन नगरे सम्म नेपाल इनेभेष्टमेन्ट बैंक लि. बिहान १० बजे देखि दिउँसो १ बजे सम्म मात्र खुल्ने भएकोले सम्पर्क गरेर आउनुहोला।
- यस सम्बन्धि केहि जिज्ञास भएमा यस पौवादुङमा गाउँपालिकाको सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना सेवा इकाई मा सम्पर्क गर्नुहोला।सम्पर्कको लागी ९८६२१४०६६६ र ९८११३०३७२१

२०७७/५/४

रमेश राई

प्रमुख प्रशासकीय अधिकृत